# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९)   काठमाडौं,   पुस २७ गते,   २०६६ साल   (संख्या ३८

## भाग ३

### नेपाल सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

**चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (चौथो संशोधन) नियमावली, २०६६**

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (चौथो संशोधन) नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २ मा संशोधनः चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७

(यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ख) "चलचित्र" भन्नाले जुनसुकै प्रविधिमा बनेको चलायमान चित्र सम्झनु पर्छ।"

(२) खण्ड (ट) झिकिएको छ।

३. मूल नियमावलीको नियम ५ मा संशोधन: मूल नियमावलीको नियम ५ को,-

(१) खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "पाँच हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "एक हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राखिएका छन् :-

"(ग) चलचित्र प्रदर्शन गर्नको लागि देहायका क्षेत्रका चलचित्र घरका लागि देहाय बमोजिमको दस्तुर लाग्नेछः-

| क्षेत्र | "क" र "ख" श्रेणीको चलचित्र घर | "ग" श्रेणीको चलचित्र घर |
|---|---|---|
| (१) महानगरपालिका | ३०,०००।- | २५,०००।- |
| (२) उपमहानगरपालिका | २५,०००।- | २०,०००।- |
| (३) नगरपालिका | २०,०००।- | १५,०००।- |
| (४) गाउँ विकास समिति | १५,०००।- | १०,०००।- |

(घ) चलचित्र घर निर्माण गरी चलाउनको लागि देहायका क्षेत्रका चलचित्र घरका लागि देहाय बमोजिमको दस्तुर लाग्नेछः-

| क्षेत्र | "क" र "ख" श्रेणीको चलचित्र घर | "ग" श्रेणीको चलचित्र घर |
|---|---|---|
| (१) महानगरपालिका | ३०,०००।- | २५,०००।- |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (२) उपमहानगरपालिका | २५,०००।- | २०,०००।- |
| (३) नगरपालिका | २०,०००।- | १५,०००।- |
| (४) गाउँ विकास समिति | १५,०००।- | १०,०००।- |

तर दुर्गम क्षेत्र विकास समितिबाट घोषित दुर्गम जिल्लाका गाउँ विकास समितिभित्र यस खण्डमा उल्लिखित दस्तुरको आधा दस्तुर लाग्नेछ ।"

४. मूल नियमावलीको नियम ५क. मा संशोधन: मूल नियमावलीको नियम ५क. को उपनियम (१) को खण्ड (ग) र (छ) को सट्टा देहायका खण्ड (ग) र (छ) राखिएका छन् :-

"(ग) प्रतिनिधि (कम्तीमा रा.प. प्रथम श्रेणी),
कानून तथा न्याय मन्त्रालय -सदस्य

(छ) प्रतिनिधि, राष्ट्रिय प्रकृति संरक्षण कोष -सदस्य"

५. मूल नियमावलीको नियम ६ मा संशोधन: मूल नियमावलीको नियम ६ को उपनियम (१) मा रहेका "चलचित्र घरमा" भन्ने शब्दहरु पछि "वा चलचित्र प्रदर्शन गर्ने अन्य स्थानमा" भन्ने शब्दहरु थपिएका छन् ।

६. मूल नियमावलीको नियम ७ मा संशोधन: मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छ :-

"७. चलचित्र घर जाँच समिति: नयाँ निर्माण भएको चलचित्र घर जाँच गर्नको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको चलचित्र घर जाँच समिति रहनेछ:-

क) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत कर्मचारी -अध्यक्ष

(ख) प्रमुख, शहरी विकास कार्यालय -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रतिनिधि (अधिकृतस्तर), जिल्ला विकास समितिको कार्यालय -सदस्य

(घ) प्रतिनिधि, चलचित्र विकास वोर्ड -सदस्य

(ङ) प्रतिनिधि, नेपाल चलचित्र सङ्घ -सदस्य ।"

७. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को उपनियम (२) मा रहेका "सो कुरा मन्त्रालय समक्ष लेखी पठाउनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "सो कुराको जानकारी मन्त्रालय र सम्बन्धित व्यक्तिलाई समेत दिनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

८. मूल नियमावलीमा नियम ८ख. थप : मूल नियमावलीको नियम ८क. पछि देहायको नियम ८ख. थपिएको छः-

"८ख. **अन्य स्थानमा चलचित्र प्रदर्शन सम्बन्धी व्यवस्थाः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले चलचित्र घर बाहेकको अन्य कुनै स्थानमा चलचित्र प्रदर्शन गर्न चाहेमा मन्त्रालयबाट निर्धारित ढाँचामा स्वीकृतिको लागि मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा मन्त्रालयले त्यस्तो स्थानमा चलचित्र प्रदर्शन गर्न हुने वा नहुने सम्बन्धमा सिफारिस गर्न सम्बन्धित चलचित्र घर जाँच समितिलाई लेखी पठाउनेछ ।

(३) उपनियम (२) बमोजिम मन्त्रालयबाट लेखी आए अनुसार जाँच गर्दा त्यस्तो स्थानमा नियम ६ को उपनियम (१) बमोजिमको न्यूनतम व्यवस्था पूरा भएको देखिएमा चलचित्र घर जाँच समितिले सो कुराको सिफारिस मन्त्रालयलाई गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) बमोजिम चलचित्र घर जाँच समितिबा सिफारिस भई आएमा मन्त्रालयले त्यस्तो स्थानमा चलचित्र प्रदर्श गर्न दरखास्तवालालाई मन्त्रालयबाट निर्धारित ढाँचामा स्वीकृ दिनेछ ।

(५) चलचित्र घर बाहेक अन्य स्थानमा चलचित्र प्रदर्शन ग उपनियम (४) बमोजिम स्वीकृति दिंदा, चलचित्र प्रदर्शन ग इजाजतपत्र दिंदा वा त्यस्तो इजाजतपत्र नियम १० को उपनियम (३) बमोजिम नवीकरण गर्दा "(ग)" श्रेणीको चलचित्र घरको लागि लाग्ने दस्तुर लाग्नेछ ।

(६) उपनियम (४) बमोजिम स्वीकृति प्राप्त व्यक्तिले पाल गर्नु पर्ने शर्त चलचित्रको प्रविधि अनुकूल हुने गरी मन्त्रालय समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदि बमोजिम हुनेछ ।

(७) उपनियम (४) बमोजिम चलचित्र प्रदर्शन गर्न स्वीकृति पाएको स्थानको जाँच सम्बन्धी अन्य व्यवस्था चलचित्र घर सरह हुनेछ ।"

९. <u>मूल नियमावलीको नियम १० मा संशोधन</u>: मूल नियमावलीको नियम १० को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) प्रदर्शकले चलचित्र प्रदर्शन गर्न पाएको इजाजतपत्रको अवधि समाप्त भएको मितिले पैंतीस दिनभित्र देहायका क्षेत्रका चलचित्र घरको लागि देहाय बमोजिम दस्तुर तिरी मन्त्रालयबाट इजाजतपत्र नवीकरण गराउनु पर्नेछः-

| क्षेत्र | "क" र "ख" श्रेणीको चलचित्र घर | "ग" श्रेणीको चलचित्र घर |
|---|---|---|
| (१) महानगरपालिका | २५,०००।- | २०,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (२) उपमहानगरपालिका | २०,०००।- | १६,०००।- |
| (३) नगरपालिका | १५,०००।- | १२,०००।- |
| (४) गाउँ विकास समिति | १०,०००।- | ८,०००।- |

१०. मूल नियमावलीको नियम १५ मा संशोधन: मूल नियमावलीको नियम १५ को खण्ड (ग) मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरु राखिएका छन् ।

११. मूल नियमावलीको नियम १६ मा संशोधन: मूल नियमावलीको नियम १६ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) स्वदेशी तथा विदेशी चलचित्र जाँच गर्नको लागि केन्द्रीयस्तरमा देहाय बमोजिमको एक केन्द्रीय चलचित्र जाँच समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयले तोकेको सो मन्त्रालयको सहसचिव | अध्यक्ष |
| (ख) | प्रतिनिधि, गृह मन्त्रालय | सदस्य |
| (ग) | प्रतिनिधि, संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय | सदस्य |
| (घ) | चलचित्र सम्बन्धी विषयमा विशेष ज्ञान भएका व्यक्तिहरु मध्येबाट कम्तीमा एकजना महिला सहित मन्त्रालयले तोकेको तीन जना | सदस्य |
| (ङ) | बोर्डको सदस्य वा अधिकृत कर्मचारीमध्येबाट वोर्डको सिफारिशमा मन्त्रालयले तोकेको एक जना | सदस्य |
| (च) | मन्त्रालयले तोकेको सो मन्त्रालयको उपसचिव | सदस्य-सचिव" |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (२) को खण्ड (ग) मा रहेका "तीन जना" भन्ने शब्दहरुको सट्टा "दुई जना" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (२ख) को सट्टा देहायको उपनियम (२ख) राखिएको छः-

"(२ख) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विज्ञापन चलचित्रको जाँच चलचित्र जाँच समितिको अध्यक्ष वा निजले तोकेको व्यक्तिले गर्नेछ ।"

(४) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) चलचित्र जाँच समितिले चलचित्रको जाँच गर्दा सम्बन्धित भाषा विज्ञको सहयोग लिन सक्नेछ ।"

१२. मूल नियमावलीको नियम १७ मा संशोधनः मूल नियमावलीको नियम १७ को,-

(१) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) चलचित्र जाँच समितिले कुनै चलचित्र देहायका कुनै व्यक्तिलाई मात्र सार्वजनिक प्रदर्शन गर्न पाउने शर्त तोकी अनुमति दिन सक्नेछ र त्यसरी अनुमति दिएकोमा सम्बन्धित वितरक वा प्रदर्शकले सो चलचित्रको प्रचार प्रसार सामग्रीमा त्यस्तो कुरा स्पष्ट रुपमा देखिने गरी उल्लेख गर्नु पर्नेछः-

(क) सोह्र वर्ष उमेर पूरा गरेका व्यक्तिका लागि,

(ख) अभिभावकको साथमा रहने गरी सोह्र वर्षभन्दा कम उमेरका व्यक्तिका लागि,



373

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) निश्चित पेशा वा क्षेत्रका व्यक्तिका लागि,

(घ) सबैका लागि ।"

(२) उपनियम (५) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर एक पटक जाँच भएको चलचित्रलाई काटछाँट वा हेरफेर गर्नु परेमा चलचित्र जाँच समितिबाट पुनः जाँचपास गराई प्रदर्शन गर्न सकिनेछ ।"

१३. मूल नियमावलीमा नियम १७ख. थपः मूल नियमावलीको नियम १७क. पछि देहायको नियम १७ख. थपिएको छः-

"१७ख. चलचित्रको पुनः स्वराङ्कन गर्न स्वीकृति लिनु पर्नेः (१) चलचित्र निर्माताले एउटा भाषामा निर्माण भएको चलचित्रलाई अर्को भाषामा पुनः स्वराङ्कन गर्न चाहेमा स्वीकृतिको लागि मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको दरखास्त उपर आवश्यक जाँचबुझ गर्दा सो चलचित्रलाई अर्को भाषामा पुनः स्वराङ्कन गर्न दिन उपयुक्त देखिएमा मन्त्रालयले तीन हजार रुपैयाँ दस्तुर लिई पुनः स्वराङ्कन गर्ने स्वीकृति दिनेछ ।

(३) यस नियम बमोजिम पुनः स्वराङ्कन गरिएको चलचित्र सार्वजनिक प्रदर्शन गर्नु अघि चलचित्र जाँच समितिबाट जँचाउनु पर्नेछ ।"

१४. मूल नियमावलीको नियम १८क. मा संशोधनः मूल नियमावलीको नियम १८क. को सट्टा देहायको नियम १८क. राखिएको छ :-

"१८क. चलचित्र जाँच दस्तुरः नियम १७ बमोजिम चलचित्र जाँच गराउँदा देहाय बमोजिम दस्तुर लाग्नेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) एक घण्टासम्म समयावधिको स्वदेशी चलचित्र, आदिवासी/जनजातिको मातृभाषामा बनेका चलचित्र वा विज्ञापन चलचित्रको लागि रु.३,०००।-

(ख) एक घण्टाभन्दा बढी समयावधिको स्वदेशी चलचित्रका लागि रु.५,०००।-

(ग) विदेशी चलचित्रको लागि रु.१५,०००।-"

१५. मूल नियमावलीको नियम १८ख. मा संशोधनः मूल नियमावलीको नियम १८ख. को सट्टा देहायको नियम १८ख. राखिएको छ :-

"१८ख. पारिश्रमिक पाउनेः चलचित्र जाँच समितिका अध्यक्ष तथा सदस्यले चलचित्र जाँच गरे बापत चलचित्र जँचाउने व्यक्तिबाट देहाय बमोजिम पारिश्रमिक र मन्त्रालयले तोकिदिए बमोजिमको यातायात खर्च पाउनेछन्:-

(क) एक घण्टासम्मका स्वदेशी चलचित्र र विज्ञापन चलचित्रको जाँच गरे बापत पाँचसय रुपैयाँ,

(ख) एक घण्टाभन्दा बढी समयावधिको स्वदेशी वा विदेशी चलचित्रको जाँच गरे बापत एक हजार रुपैयाँ ।

१६. मूल नियमावलीको नियम २४ मा संशोधनः मूल नियमावलीको नियम २४ को,-

(१) खण्ड (घ) मा रहेका "राष्ट्र भाषा तथा राष्ट्रिय भाषामा" भन्ने शब्दहरुको सट्टा "राष्ट्र भाषामा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ज५) मा रहेका "राष्ट्र भाषा वा राष्ट्रिय भाषामा" भन्ने शब्दहरुको सट्टा "राष्ट्र भाषामा" भन्ने शब्दहरु राखिएका छन् ।



375

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. मूल नियमावलीको नियम २८ख. मा संशोधनः मूल नियमावलीको नियम २८ख. को सट्टा देहायको नियम २८ख. राखिएको छः-

"२८ख. अधिकार प्रत्यायोजनः (१) मन्त्रालयले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार बोर्डलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) केन्द्रीय चलचित्र जाँच समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये टेलिभिजन प्रसारण संस्थाबाट प्रसारण हुने चलचित्रको जाँच गर्ने अधिकार त्यस्तो टेलिभिजन प्रसारण संस्थाले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।"

१८. मूल नियमावलीको अनुसूचीमा संशोधनः मूल नियमावलीको,-

(१) अनुसूची-५ को क्रमसङ्ख्या १० को खण्ड (च) मा रहेको "शाही" भन्ने शब्द झिकिएको छ ।

(२) अनुसूची- ७ को क्रमसङ्ख्या ७ को खण्ड (ङ) मा रहेका "भाषा र राष्ट्रिय" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) अनुसूची ९ को क्रमसङ्ख्या १९ पछि देहायको क्रमसङ्ख्या २० थपिएको छ :-

"२०. चलचित्र घर बाहेक अन्यत्र चलचित्र प्रदर्शन गर्दा देहाय बमोजिमका न्यूनतम व्यवस्थाहरु पूरा गरेको हुनु पर्नेछः-

(क) चलचित्रको प्रविधि अनुकूलको पर्दा,

(ख) चलचित्रको प्रविधि अनुकूल हुने गरी सुविधाजनक सिटको व्यवस्था,

(ग) चलचित्रको प्रविधि अनुकूल हुने गरी दर्शक र प्रदर्शन पर्दाबीच मनासिब दूरी,



३९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) दर्शक बस्ने स्थानको भुइँ सतह र सिलिङ्ग बीच पर्याप्त दूरी,

(ङ) क्रमसङ्ख्या २, ४, ६, ८, ९, १०, ११, १२, १३, १४, १५, १७ र १९ मा उल्लिखित व्यवस्थाहरु,

(च) चलचित्र घर जाँच समितिले चलचित्रको प्रविधि अनुकूल हुने गरी उपयुक्त देखेका अन्य व्यवस्था ।"

१९. झिकिएको: मूल नियमावलीको ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

आज्ञाले,

**सुशील घिमिरे**

नेपाल सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

377

# भाग ४

## अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सूचना

यस आयोगको मिति २०६६/९/२० को निर्णयानुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी नेपालको अन्तरिम संविधान, २०६३ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको तथा सो कसूरमा संलग्न अन्य व्यक्तिका सम्बन्धमा अनुसन्धान र तहकिकात गर्न तथा मुद्दा चलाउन आयोगलाई प्राप्त अधिकार आयोगको पदाधिकारी नियुक्ति भई नआएसम्मका लागि आयोगका सचिवलाई सुम्पिएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
ईश्वरीप्रसाद पौड्याल
सह-सचिव



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ५

## नेपाल सरकार

## परराष्ट्र मन्त्रालयको सूचना

यस मन्त्रालयले गैर आवासीय नेपाली सम्वन्धी नियमावली, २०६६ को नियम १९ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची - ५ को सट्टा यसै साथ संलग्न भए बमोजिमको अनुसूची - ५ राखी हेरफेर गरेको छ।

मुद्रण विभाग, सिंहदरबार

३७१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिशिष्ट १
(नियम ४ को उपनियम (२) संग सम्वन्धित
खण्ड (क)

## गैर आवासीय नेपाली (नेपाली मूलको विदेशी नागरिक) को परिचयपत्र

नेपाल सरकार

परिचयपत्र नं.

फोटो

परिचयपत्र मान्य रहने अवधि : ................

नाम,थर : ..................................................

राष्टियताः ....................................

हाल बसोबास गरिरहेको मुलुक र ठेगाना : ...........
..................................................................
..................................................................

विदेशी नागरिकता प्राप्त मिति :..........................

राहदानी नं.......................................................

परिचयपत्र बाहकको सही : ...............................

परिचयपत्र जारी गर्ने अधिकारीको :
सही :
नाम :
दर्जा :
कार्यालय र छाप :
मिति :

मुद्रण विभाग, सिंहदरबार



३१० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड (ख)

**Non Resident Nepali**
**(Foreign National of Nepali Origin)**
Identity Card

photo

**Government of Nepal**

**ID Card No.**

**Valid until :** .................

**Name :** .............................................

**Nationality :** .........................

**Country of Residence and Address :** ............
.....................................................................
.....................................................................

**Foreign Citizenship obtained on :**.....................

**Passport No :**..................................................

**Signature of the card holder :** .........................

**Issuing Authority :**
**Signature :**
**Name :**
**Designation :**

**Office and Seal :**

**Date:**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिशिष्ट २

खण्ड (क)

## गैर आवासीय नेपाली (विदेशमा बस्ने नेपाली नागरिक) को परिचयपत्र

फोटो

**नेपाल सरकार**

परिचयपत्र नं.

परिचयपत्र मान्य रहने अवधि : ................

नाम,थर : ...........................................

बसोबास गरिरहेको मुलुक र ठेगाना : ....................
...........................................................
...........................................................

नेपाली नागरिकताको प्रमाणपत्र नं. :...........................

जारी मिति:...................... जिल्ला :...............

राहदानी नं...................................................

परिचयपत्र बाहकको सही:

परिचयपत्र जारी गर्ने अधिकारीको :

सही :

नाम :

दर्जा :

कार्यालय र छाप :

मिति :

मुद्रण विभाग सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड (ख)

## Non Resident Nepali
### (Foreign Resident of Nepali Nationality)
Identity Card

photo

**Government of Nepal**

**ID Card No.**

**Valid until :** .................

**Name :** .........................................

**Country of Residence and Address :** .............
.........................................................................
.........................................................................

**Permanent Address in Nepal** .....................
.........................................

**Citizenship Certificate No.:**..................
**Date of Issue:** ...............**District:** ................

**Passport No :**...................................................

**Signature of the card holder :** ..........................

**Date :**

**Issuing Authority :**
**Signature :**
**Name :**
**Designation :**
**Office and Seal :**

आज्ञाले,
मदन कुमार भट्टराई
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायको जिल्लाका देहायका गाउँ विकास समितिको देहाय चारकिल्लाभित्रको २१७९ वर्गकिलोमिटर क्षेत्रलाई गौरीशंकर संरक्षण क्षेत्र घोषणा गरेको छः-

१. दोलखा जिल्लाका चौध गाउँ विकास समिति (अलाम्पु, विगु, बुलुङ्ग, चङ्खु, चिलङ्का, गौरीशङ्कर, कालिन्चोक, खरे, लदुक, लामाबगर, मार्वु, ओराङ्ग, सुरी र श्यामा),

२. सिन्धुपाल्चोक जिल्लाका छ गाउँ विकास समिति (फुल्पिङ्गकट्टी, घोरथली, गुम्वा, लिसिकोट, मार्मिङ्ग र तातोपानी)

३. रामेछाप जिल्लाका दुई गाउँ विकास समिति (चुचुरे र गुम्देल)

आज्ञाले,
युवराज भुसाल
नेपाल सरकारको
सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भूलसुधार

खण्ड ५७ अतिरिक्ताङ्क २१ नेपाल राजपत्र भाग २ मा प्रकाशित "मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४" को शीर व्यहोरामा "खण्ड ५७ काठमाण्डौ, श्रावण ८ गते २०६४ साल अतिरिक्ताङ्क २१" र प्रस्तावना भन्दा माथिल्लो हरफमा "मानव बेचविखन तथा ओसारपसार नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन" हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

मुद्रण विभाग ।

मुद्रण विभाग, सिंहदरबार



385

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–
गो.ह.द.नं. १६।०६३।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।